Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np, daopyuthan2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या:- ०७८/०७९
चलानी नं: २९४८

मिति:- २०७८।११।०९

विषय:- मासिक प्रगति विवरण पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
नीति, योजना, अनुगमन तथा मूल्याँकन महाशाखा,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालय र यस कार्यालय अन्तरगत इलाका प्रशासन कार्यालय जसपुर, प्यूठानबाट मिति २०७८ माघ १ गते देखि २०७८ माघ मसान्तसम्म सम्पादन भएका कामहरुको प्रगति विवरण पाना थान- ६(छ) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

२०७८/११/०९

प्रशासकीय अधिकृत

| सि.नं. | सेवाको किसिम | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका सेवा | | | इलाका प्रशासन कार्यालय जस्पुरबाट प्रदान गरिएका सेवा | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | गत महिना सम्मको जम्मा | माघ महिनाको जम्मा | कूल जम्मा | गत महिना सम्मको जम्मा | माघ महिनाको जम्मा | कूल जम्मा | |
| १ | नागरिकता प्रमाणपत्र वितरण | | | | | | | |
| | क) बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण | ४२६७ | ४४९ | ४७१६ | २०३३ | २२६ | २२५९ | |
| | ख) नागरिकता प्रमाण पत्र प्रतिलिपी वितरण | २७८२ | १७२ | २९५४ | ६११ | ७१ | ६८२ | |
| | ग) बैबाहिक अंगिकृत नागरिकता प्रमाणपत्र वितरण | - | २ | २ | | - | - | |
| २ | नाबालक परिचय पत्र वितरण | ७ | १ | ८ | | - | | |
| ३ | राहदानी वितरण | | | | | | | |
| | क) कार्यालयबाट सिफारिस | १०६९ | ० | १०६९ | २७३ | - | २७३ | |
| | ख) द्रुत सिफारिस | १०२० | १२२ | ११४२ | ४५५ | ३० | ४८५ | |
| | ग) राहदानी वितरण | ९१७ | ३१८ | १२३५ | ३३० | ३७ | ३६७ | |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | | | | | | | |
| | दर्ता | ४३९२ | ३५३ | ४७४५ | | - | | |
| ५ | सिफारिस | | | | | | | |
| | क) भारतीय पेन्सनरका लागि | १११ | ११ | १२२ | - | - | | |
| | ख) आदिवासी जनजातीको सिफारिस | ४७४ | २० | ४९४ | १८१ | २१ | २०२ | |
| | ग) दलित जातीको सिफारिस | ३२३ | १४ | ३३७ | ७४ | ९ | ८३ | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्युठान

प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घ) चालचलन प्रमाणित | | २० | ० | २० | - | - | |
| | ङ) नामथर प्रमाणित | | ३३२ | २१ | ३५३ | ६२ | ३ | |
| | च) अन्य सिफारिस | | ६६ | ४ | ७० | - | - | |
| ६ | सहायता कक्षबाट प्रदान गरिएको | | २६८४ | ३४५ | ३०२९ | १०८५ | ११५ | १२०० |
| ७ | मुद्दा किसिम | | माघ महिनाको | | | | | |
| | | | दर्ता | फैसला | | | | |
| | क) सार्वजनिक नैतिकता विरुद्ध | | १ | - | | | | |
| | ख) क्षतिपूर्ति | | - | - | | - | | - |
| | ग) हातहतियार | | - | - | | - | | - |
| | घ) कालो बजार | | १ | - | | - | | - |
| ८ | ठाडो उजुरी | | ४ | ४ | | - | | - |
| ९ | बजार अनुगमन | | - | | | - | | - |
| १० | कार्यालय अनुगमन | | | - | | - | | |
| ११ | राजश्व संकलन राहदानीबाट | | गत महिना सम्मको | माघ महिनाको | कूल जम्मा | गत महिना सम्मको | माघ महिनाको | कूल जम्मा |
| | | | ५६,७३,२५०। | ५०००। | ५६,७८,२५०। | १३,५०,००० | - | १३,५०,००० |
| १२ | अन्यबाट राजश्व संकलन | | २,५३,७००। | ११,७००। | २,६५,४००। | - | - | - |
| १३ | राहत वितरण (बाढी, पहिरो, आगलागी, चट्याङ, हावाहुरी, असिना र पानी) | कार्यालयबाट | १४,१५,०००। | ७०,०००। | १४,८५,०००। | - | - | - |
| | | लुम्बिनी प्रदेश सरकारबाट | १९,४०,०००। | ७,९०,०००। | २७,३०,०००। | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | हातहतियार नामसारी / नविकरण | - | ०/१ | ०/१ | | | |
| १५ | संघ संस्था दर्ता / नविकरण | | ०/६ | ०/६ | | | |
| १६ | हतियार मर्मत सम्बन्धी अनुमति पत्र / नविकरण | | ०/० | ०/० | | | |
| १७ | विष्फोटक पदार्थ इजाजत पत्र / नविकरण | | - | - | | | |

१९. यस कार्यालयबाट भएका अन्य कार्यहरु:-

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- यस जिल्लामा मिति २०७८/०९/३० गतेसम्म कूल ४५१५ जनामा कोभिड-१९ संक्रमण देखिएको छ । यसमा पि.सि.आर. परिक्षण ६९१३ जनाको गरिएकोमा १२६३ जना संक्रमित र Antigen परिक्षण ९२०० जनाको गरिएकोमा ३२५२ जना संक्रमित भेटिएका छन् ।कोभिड-१९ संक्रमण भई मृत्यू हुने ७७ जना, सक्रिय संक्रमित १४४ जना, उपचार पछी निको भई घर फर्कने ३२९४ जना छन भने स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल ९ वटा, वेड संख्या ५७, HDU Bed १० वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- नेपाल सरकारको निर्देशन अनुसार मिति २०७८ माघ ०७ गतेदेखि सार्वजनिक स्थानबाट सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा कोभिड-१९ कोरोना भाइरस विरुद्धको खोप कार्ड लिएर आउनु पर्ने भएको चेकजाँच गर्दा खोप नलगाएका सेवाग्राहीहरुको लागि जिल्ला प्रशासन परिसरमै कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था मिलाइएको छ ।
- जिल्लामा कोभिड-१९ कोरोना संक्रमण रोकथाम नियन्त्रणका लागि जिल्लामा अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गरी निषेधाज्ञा खुकुलो बनाई निरन्तरता दिइएको साथै निषेधाज्ञाको कारण स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यक सेवा सञ्चालनका सम्बन्धमा पर्नसक्ने कठिनाई तथा असहजतालाई समन्वय तथा सहजीकरण गर्ने गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

प्रशासकीय अधिकृत

- नेपाल सरकारको नीति अनुसार नागरिकहरुलाई खोपको पहिलो मात्रा जम्मा १,६३,१७७ जनालाई, खोपको पुरा मात्रा जम्मा १,४५,१८० जना र बुष्टर डोज २०,९९५ व्यक्तिहरुलाई लगाइएको छ ।
- कोभिड-१९ व्यवस्थापन समितिको बैठक बसी कोभिडको नया भेरियन्टलाई तिब्र रुपमा फैलिन नदिन प्रमुख जिल्ला अधिकारीबाट आदेश जारी गरिएको । तथा जिल्ला आइसोलेसन केन्द्र र अन्य स्थानीय तहमा भएको अस्थायी कोरोना अस्पतालमा औषधी र जनशक्ति सहित तयारी अवस्थामा राख्न निर्णय गरिएको छ ।
- जिल्ला स्तरीय आइसोलेसन केन्द्र सञ्चालनका लागि जनशक्ति अभाव हुन नदिन स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्यकर्मीहरु आलोपालो मिलाउन स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गर्ने गरिएकोमा हाल जिल्ला आइसोलेसन केन्द्रमा विरामी कम भएको कारणले हाललाई स्थानीय तहबाट आलोपालो गरी स्वास्थ्यका जनशक्ति व्यवस्थापन गर्नु नपर्ने बनाइएको छ।
- कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण बढ्दै गइरहेकोले जनस्वास्थ्यका मापडण्डहरुको पूर्ण रुपले पालना गर्ने गरिएको छ ।
- जिल्लामा अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा अक्सिजनको सहज आपूर्ति व्यवस्थाको लागि प्यूठान अस्पतालमा मध्यम स्तरको अक्सिजन प्लान्टको निर्माण गरिएको छ ।

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ ।
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- जिल्लाको उच्च स्थानमा भएको हिमपात अत्याधिक चिसो तथा जिल्लाका अन्य ठाउँमा शितलहर हुन सक्ने भएकोले यसबाट क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

- नेपाल सरकारको निर्णय अनुसार मिति २०७९ बैशाख ३० मा घोषणा भएको स्थानीय तहको निर्वाचन प्रयोजनको लागि निर्वाचन सम्वेदनशीलता सम्बन्धी सुरक्षा योजना बनाई पेश गर्ने निर्णय भएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी ३ वटा बैठकहरु सम्पन्न भएका छन् ।
- जिल्लामा भएका सुरक्षा निकायहरु (जिल्ला प्रहरी तथा अन्तरगतका निकाय तथा सशस्त्र प्रहरी वल आश्रित गुल्म प्यूठान) को निरीक्षण गरी अर्धवार्षिक प्रतिवेदन पेश गरिएको ।
- कारागार कार्यालय प्यूठानको निरीक्षण गरी प्रतिवेदन पेश गरिएको ।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु:-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बसी विभिन्न निर्णयहरु हुने गरेको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्लामा विपद्का घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको ।

घ) सुशासन सम्बन्धी कार्यहरु:-

- दैनिक प्रतिवेदन प्रणाली (DRS) र मासिक प्रगति प्रतिवेदन पठाइएको ।
- नियमित स्टाफ मिटिङ गरी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री बनाउने तथा आइपरेका समस्या समाधानका लागि छलफल गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको कार्यालय प्रमुखको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- सबै सरकारी कार्यालयहरुले सरकारी सम्पत्तिको दुपयोग हुन नदिने तर्फ विशेष ध्यान दिई त्यसको रेखदेख तथा संरक्षणमा गर्नेगराउने व्यवस्था / मिलाइएको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

प्रशासकीय अधिकृत

- जिल्ला स्थित अनुगमन मूल्यौँकन समितिको बैठक बसी सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुको सेवा प्रवाह सम्बन्धमा अनुगमन गर्ने निर्णय गरिएको ।
- सूचना अधिकारीहरुको नियमित बैठक गरिएको ।
- विभिन्न निकायहरुको कामकाजलाई सहजीकरण गर्न आवश्यकता अनुसार बैठक, छलफल आदीका माध्यमबाट निर्णय गरिएको र समस्या समाधानका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइएको ।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत